# लक्ष्मीपुर पतारी गाउँपालिका

## आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षा-२०७५

**विषय : कक्षा-८ को [illegible]परीक्षा संचालन सम्बन्धमा ।**

श्री ........................................ आधारभूत/मा.वि, लक्ष्मीपुर पतारी

प्रस्तुत विषयमा मिति २०७५/११/२९ गते बसेको आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षा समितिको बैठकबाट २०७५ सालको कक्षा-८ को अन्तिम परीक्षा संचालन सम्बन्धमा तपसील अनुसार गर्ने गरी निर्णय भएकोले सोही अनुसार परीक्षा संचालन गर्न/गराउनु हुन जानकारीकोलागि अनुरोध छ।

### तपसील

१. २०७५ सालको आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाको कार्यक्रम देहाय बमोजिम रहेको छ।

| मिति | विषय | समय |
|---|---|---|
| २०७५ चैत्र १९ गते मंगलवार | अनिवार्य अङ्ग्रेजी | बिहान १०:०० बजेदेखि १२:१५ बजेसम्म |
| २०७५ चैत्र २० गते बुधवार | अनिवार्य नेपाली | बिहान १०:०० बजेदेखि १२:१५ बजेसम्म |
| २०७५ चैत्र २१ गते विहीवार | अनिवार्य गणित | बिहान १०:०० बजेदेखि ०१:०० बजेसम्म |
| २०७५ चैत्र २२ गते शुक्रवार | अनिवार्य विज्ञान तथा वातावरण | बिहान १०:०० बजेदेखि १२:१५ बजेसम्म |
| २०७५ चैत्र २३ गते शनिवार | अनिवार्य सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | बिहान १०:०० बजेदेखि १२:१५ बजेसम्म |
| २०७५ चैत्र २४ गते आइतवार | अ. स्वा. तथा शारीरिक शिक्षा+पेशा व्य. तथा प्रविधि शिक्षा | बिहान १०:०० बजेदेखि ०१:०० बजेसम्म |
| २०७५ चैत्र २५ गते सोमवार | नैतिक शिक्षा+कम्प्यूटर विज्ञान | बिहान ०७:०० बजेदेखि १०:०० बजेसम्म |
| | | |

२. आवेदन फाराम लक्ष्मीपुर पतारी गाउँपालिका शिक्षा शाखाबाट उपलब्ध गराईनेछ र फाराम बुझ्न आउँदा EMIS को Hard Copy प्र.अ. बाट प्रमाणित भएको हुनु पर्नेछ।

३. परीक्षार्थीहरुबाट आवेदन फाराम भर्न लगाई समष्टिगत फाराम २०७५ फाल्गुण मसान्त भित्र अनिवार्य लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा शाखामा पेश गरि सक्नु पर्नेछ।

४. परीक्षार्थीहरुलाई तोकिएको सिम्बल नं. बाट परीक्षा दिलाउनु पर्नेछ।

५. २०७५ सालको आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाकालागि त्यस विद्यालयको परीक्षा कोड कायम गरी परीक्षा केन्द्र समेत त्यसै विद्यालयमा कायम गरिएको छ र प्र.अ. लाई केन्द्राध्यक्ष तोकिएको छ।

६. आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाका प्रश्न-पत्रहरु स्थानीय प्रहरी कार्यालयहरुमा राखिने भएकोले उक्त प्रश्न-पत्रहरु सम्बन्धित विद्यालयका प्र.अ. वा तोकिएको प्रतिनिधिले परीक्षा हुने प्रत्येक दिनको एक घण्टा अगाडि मात्र बुझि लिनु पर्नेछ।

७. परीक्षा समाप्त भए पछि सबै उत्तरपुस्तिकाहरु सम्बन्धित विषय शिक्षकहरुबाट विश्वसनीय तवरले परीक्षण गर्न लगाउने र शिक्षा शाखाबाट उपलब्ध गराईएको मार्कलेजरमा प्रयोगात्मक तथा आन्तरिक र बाह्य अङ्क (ग्रेडिङ्ग) चढाई प्र.अ. बाट अनिवार्य प्रमाणित गरी सो मार्कलेजर २०७५ चैत्र मसान्त भित्रमा अनिवार्य रुपमा शिक्षा शाखामा बुझाउनु पर्नेछ।

८. उत्तरपुस्तिका तथा परीक्षासँग सम्बन्धित अन्य सामाग्रीहरु २०७५ चैत्र १७ देखि लक्ष्मीपुर पतारी गाउँपालिका शिक्षा शाखाबाट वितरण गरिनेछ। परीक्षा सामाग्री बुझ्न आउँदा विद्यालयका शिक्षक वा कर्मचारीलाई विद्यालयको आधिकारिक पत्र सहित पठाउनु पर्नेछ।

९. आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षा समितिका पदाधिकारीहरु, गाउँ शिक्षा समितिका पदाधिकारीहरु, विभिन्न पेशागत संघ संस्थाका प्रतिनिधिहरु, सम्बन्धित वडाका प्रतिनिधिहरु समेतले परीक्षाको अनुगमन गरी प्रतिवेदनको आधारमा कार्यवाही समेत गर्ने निर्णय भएकोले परीक्षालाई मर्यादित, स्वच्छ, प्रभावकारी र पारदर्शी गर्न गराउन हुन।

Scanned by CamScanner

# लक्ष्मीपुर पतारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### लक्ष्मीपुर पतारी, सिरहा
### प्रदेश नं. २, नेपाल

पत्र संख्या : ०७५/०७६
चलानी नं.

श्री मान् प्र.अ. ज्यू।

विषय : वार्षिक परीक्षा–२०७५ संचालन सम्बन्धमा।

उपरोक्त विषयमा यस गा.पा. लक्ष्मीपुर पतारी अन्तर्गत संचालनमा रहेका सामुदायिक विद्यालयहरुको गा.पा. स्तरीय वार्षिक परीक्षा २०७५ संचालन हुने भएकोले गा.पा. स्तरीय परीक्षा समितिको मिति २०७५/११/२९ गतेको निर्णयानुसार देहायका मिति तथा नीति निर्देशन अनुसार गर्न गराउन हुन अनुरोध छ।

तपसील :

| क.सं. | मिति | दिन | प्रथम वैठक विहान १०:०० वजे देखि १:०० सम्म | दोस्रो वैठक दिउसो १:०० देखि ४:०० बजे सम्म |
|---|---|---|---|---|
| | | | कक्षा (१-५) | कक्षा (६,७ र ९) |
| १ | २०७५/१२/१९ | मंगलवार | मेरो अंग्रेजी | अंग्रजी |
| २ | २०७५/१२/२० | बुधवार | मेरो नेपाली | नेपाली |
| ३ | २०७५/१२/२१ | बिहिवार | मेरो सामाजिक शिक्षा सृ.अ.क. | सामाजीक अध्ययन र जनसंख्या शिक्षा/सामाजिक |
| ४ | २०७५/१२/२२ | शुक्रवार | मेरो गणित | गणित |
| ५ | २०७५/१२/२३ | शनिवार | मेरो विज्ञान, स्वा. तथा शारिरीक शिक्षा | विज्ञान तथा वातावरण शिक्षा/विज्ञान |
| ६ | २०७५/१२/२४ | आईतवार | इच्छाधिन विषयहरु | स्वास्थ्य तथा शारिरीक + नैतिक शिक्षा/ ज.बा. शिक्षा |
| ७ | २०७५/१२/२५ | सोमवार | - | कम्प्युटर शिक्षा/ऐ. प्रथम सबै |
| ८ | २०७५/१२/२६ | मंगलवार | - | पेशा व्यवसाय तथा प्राविधिक शिक्षा/ ऐ. दोस्रो सबै |

निर्देशन :-

१. कक्षा १-३ सम्मको विद्यार्थीहरुलाई प्रश्नपत्रमै उत्तर लेख्नु पर्नेछ।
२. कक्षा ४-९ सम्मका सवै कक्षाहरुको लागि कापीमा उत्तर लेख्नु पर्नेछ।
३. प्रश्नपत्र वितरण हुने मिति २०७५/१२/१८ गते गा.पा. लक्ष्मीपुर पतारी बाट विहान ११:०० बजे देखि उपलब्ध हुने।
४. उत्तर पुस्तिका विद्यालयले गा.पा. बाट लिई परीक्षा संचालन गर्ने।
५. विद्यालयले परीक्षा शुल्क विद्यार्थीहरुबाट नलिने।
६. मार्क लेजर तथा विद्यार्थी हाजिरी फाराम गा.पा. बाट उपलब्ध हुने।
७. विद्यालयका प्र.अ. ले केन्द्राध्यक्ष भई परीक्षा संचालन गर्ने।
८. परीक्षा उपरान्त सबै कक्षाको काँपी परीक्षण गरी मार्क लेजर तयार पारी २०७५/१२/३० गते भित्र गा.पा. मा पेश गर्ने।
९. १०० पुर्णाङ्क परीक्षाका दिन ३ घण्टा समय मिलाउनु पर्ने।
१०. प्राविधिक धारका विद्यालयले प्रविधिक तर्फका विषयहरुको परीक्षा संचालनको ब्यवस्था आफै मिलाउनु पर्ने छ।

Scanned by CamScanner